इमेल – chulachuli.ruralmunicipality@gmail.com

# चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चुलचुली, इलाम
## १ नं प्रदेश, नेपाल

पत्र संख्या (क.प्र.) :२०७७/०७८
च. नं.(Ref.No.) :

मिति (Date) : २०७८/०३/२९

### आ.व.२०७८/०७९ को निकासी कर आय ठेक्का बन्दोबस्तसम्बन्धी बोलपत्र आव्हानको सूचना
*(दोस्रो पटक प्रकाशित मिति २०७८/०३/२९)*

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरे वमोजिम आ.व. २०७८/०७९ का लागि यस गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने कृषि तथा पशुजन्य वस्तुको निकासीमा गाउँपालिकाले उठाउन पाउने कर, दस्तुर र सेवा शुल्कका ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकाले तपशीलको शर्तहरुको अधिनमा रही इच्छुक फर्म, व्यक्ति वा कम्पनीहरुले तोकिएको अवधिभित्र रीतपूर्वकको शिलबन्दी बोलपत्रमा भाग लिन हुनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशील**

| क्र.सं. | विवरण | न्यूनतम अंक | फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति र समय | बोलपत्र बुझाउने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | स्थान |
|---|---|---|---|---|---|---|---|
| १. | कृषि तथा पशुजन्य वस्तुको निकासीमा लगाइने कर ठेक्का न ४२/२०७७/०७८ | ६००,०००। (छ लाख मात्र) | रु. १०००। (एक हजार मात्र) | २०७६ श्रावण १२ गते कार्यालय समयभित्र | २०७६ श्रावण १३ गते दिनको १२ बजेसम्म | २०७६ श्रावण १३ गते दिनको २ बजे | गाउँपालिकाको कार्यालय |

१. यो गोप्य शिलबन्दी बोलपत्र प्राप्त गर्ने मिति, समय र स्थान गाउँपालिकाको कार्यालय चुलाचुलीमा मिति २०७८/०३/२९ देखि मिति २०७८/४/१२ गते दिनको कार्यालय समयसम्म हुनेछ।
२. गोप्य शिलबन्दी बोलपत्र दर्ता गर्ने अन्तिम मिति २०७८ श्रावण १३ गते दिनको १२:०० बजेसम्म हुनेछ तथा रितपूर्वक परेको शिलबन्दी वोलपत्र सोही दिन दिनको २:०० बजे चुलाचुली गाउँपालिकाको कार्यालय, इलाममा खोलिने छ।
३. गोप्य शिलबन्दी बोलपत्रमा भाग लिनेले कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम एन्.एम्.बी. बैंक चुलाचुली शाखामा रहेको धरौटी खाता नं. १०३००६०७४४२०००३७ मा जम्मा गरी सक्कलै भौचर शिलबन्दी बोलपत्रमा समावेश गर्नु पर्नेछ।
४. गोप्य शिलबन्दी बोलपत्र स्वीकृत भएको मितिले ७ दिनभित्र सम्झौता गरी एकमुष्ठ ठेक्का रकम गाउँपालिकाको खातामा बुझाई बैंक भौचर पेश गर्नु पर्नेछ। एकमुष्ठ ठेक्का रकम बुझाउँदा १० प्रतिशतसम्म छुट दिन सकिने छ। किस्ताबन्दीमा छुटको सुविधा दिईने छैन। यदि किस्ताबन्दीमा बुझाउन चाहेमा सम्पूर्ण ठेक्का रकमको ३५% सम्झौताका बखत, ३५% ले हुने रकम ०७८ मङ्सिर मसान्तभित्र र बाँकी ३०% ले हुने रकम २०७९ वैशाख मसान्तभित्र यस कार्यालयमा बुझाई सक्नुपर्नेछ। तोकिएको समयमा तोकिएको किस्ता नबुझाएमा ठेकेदारले पेश गरेको बैंक जमानतबाट संझौता अनुसारको ठेक्का रकम असुल गरिनेछ। धरौटी रकमलाई किस्तामा समावेश गरिनेछैन।
५. ठेक्का स्वीकृत भएपछि ठेकेदारले पूरा गर्नुपर्ने शर्त पूरा नगरेको कारणबाट ठेक्का बदर गर्नु पर्ने भएमा ठेकेदारको धरौटी रकम जफत हुनेछ।
६. ठेक्का सम्झौता भएपछि हडताल, चक्का जामजस्ता कारण देखाइ ठेक्का दर छुट वा मिनाहाको लागि निवेदन दिइएमा सम्झौता रकममा कुनै कारबाही वा छुट हुने छैन।
७. नेपाल सरकार तथा गाउँपालिकाले समय समयमा दिएको निर्देशन पूर्ण रुपमा पालना गर्नुपर्नेछ। साथै ठेक्कासम्बन्धी कुनै विवाद भएमा गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।
८. करको दररेटहरु गाउँपालिकाले उपलब्ध गराएको अनुसार असुल उपर गर्नुपर्नेछ।
९. फारममा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ। केरमेट भएमा अक्षरमा लेखिएको कबुल अंकलाई सदर गरिनेछ।
१०. विगतमा गाउँपालिकको ठेक्का बुझाउनु पर्ने रकम बक्यौता रहेको व्यक्ति वा परिवारको अन्य सदस्यले ठेक्कामा सहभागी हुन पाउँदैन।
११. फारम खरिद गर्न लिखित निवेदन साथ नेपाली नागरिकताको प्रतिलिपिसमेत पेश गर्नुपर्नेछ।
१२. म्याद नाघेर तथा रीत नपुगी प्राप्त हुने फारम उपर कुनै कारबाही हुने छैन।
१३. उल्लेखित शर्तहरुबाहेक अन्य कुराहरु प्रचलित ऐन कानुन वमोजिम हुनेछ।
१४. ठेक्का अवधि २०७८ साउन १ गतेबाट २०७९ असार मसान्तसम्मको लागि हुनेछ।
१५. अन्य जानकारीका लागि गाउँपालिकाको कार्यालय चुलाचुलीमा सम्पर्क राख्नु हुन अनुरोध छ।

प्रमुख प्रशासकीय अधिकृत

*"कृषी, पर्यटन र पूर्वाधारमा उन्नती, चुलाचुली गाउँपालिकाबासीको समुन्नती"*